اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ؕ

# रमजानमा गुनाह गर्नेहरूको कब्रको भयानक द्रिश्य

**(शेखे तरीकत, अमीरे अहलेसुन्नत, दा'वते इस्लामीका संस्थापक, हजरत अल्लामा मौलाना अबु बिलाल मुहम्मद इल्यास अत्तार कादरी रिज्वी دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه द्वारा)**

**एक पटकको कुरा हो अमीरुल्मु'मीनीन हजरत मौलाए काइनात अलीयुल्मुर्तजा शेरे खुदा كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم कब्रहरुको जियारत (अवलोकन) गर्न कुफाको कब्रस्तानमा जानुभयो । त्यहाँ एक कब्रतिर हेर्दा उहाँ كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم लाई त्यो कब्रमा आसीन मृतकको स्थितिको बारेमा जान्ने इच्छा भयो । तसर्थ अल्लाह عَزَّوَجَلَّ सँग प्रार्थना गर्नुभयो: "या अल्लाह عَزَّوَجَلَّ! यो मृतकको स्थितिको जानकारी मलाई प्रदान होस् ।" अल्लाह عَزَّوَجَلَّ ले उहाँको प्रार्थना तुरुन्तै स्विकार गर्नुभयो र हेर्दा हेर्दै उहाँ र मृतकको बिचमा जति पनि पर्दाहरु थिए सबै हटाइयो । त्यस कब्रको भयानक द्रिश्य उहाँको अगाडी थियो । त्यस कब्रको मृतक आगोमा जली रहेको थियो र उहाँ كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم सँग रोई रोई बिन्ति गरीरहेको थियो:**

يَاعَلِيُّ! اَنَا غَرِيْقٌ فِى النَّارِ وَحَرِيْقٌ فِى النَّارِ

**अर्थात या अली كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم! म आगोमा डुबेको छु र आगोमा जली रहेको छु । कब्रको भयानक द्रिश्य र त्यस मृतकको पुकारले हैदरे कर्रार كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم लाई असाध्यै दु:खी र उदास बनायो । उहाँ كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم ले हाथ उठाई अल्लाह عَزَّوَجَلَّ सँग त्यस मृतकलाई क्षमा प्रदान गर्नका लागी प्रार्थना गर्नुभयो । गैब (अद्रीश्य) बाट आवाज आयो: "हे अली तपाई यस मृतकको बारेमा सिफारीश नगर्नुहोस् किन की रोजा राखेर पनि यसले रमजानुल्मुबारकको अपमान गर्दथ्यो । रमजानुल्मुबारकमा पनि गुनाह (पाप) हरू बाट जोगिने गर्दैनथियो । दिनमा रोजा त राखथ्यो (बस्थ्यो) तर रात भने गुनाहहरूमा बिताउँथ्यो ।" यति सुन्दा मौलाए काइनात, अलीयुल्मुर्तजा, शेरे खुदा كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم अझ दु:खी हुनुभयो र सज्दामा गई (ढोग गरी), रोई रोई प्रार्थना गर्नुभयो: या अल्लाह عَزَّوَجَلَّ! मेरो प्रार्थना स्विकार गर्नुहोस् । यस मृतकले ठुलो आशा बोकेर मलाई भनेको छ । मेरो मालिक मलाई यसको अगाडी निराश नगर्नुहोस् । यसको लाचारी माथी दया गर्नुहोस् र यसलाई मुक्ति प्रदान गर्नुहोस् ।" हजरते अली كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم रोई रोई प्रार्थना गर्दैहुनुहुन्थ्यो की अल्लाह عَزَّوَجَلَّ को तर्फ बाट आवाज आयो: "हे अली ! मैले तपाईको दु:खी मनको कारणले गर्दा यसलाई क्षमा गरें " र त्यस मृतक माथीबाट अजाब (सजाय) हटाईयो । (अनीसुल्वाइजीन पृ २५)**

*किन मुश्किल कुशा नभनौं तपाईंलाई　　　तपाईंले मेरो अप्ठयारो स्थितिलाई सजिलो पार्नुभयो ।*

**जो रोजा बसेर पनि गुनाहहरू जस्तै की जुवाका तास, सतरन्ज, लुडो, मोबाईल, आइ-प्याड आदीहरूमा भिडियो गेम्ज, विकृती युक्त फिलिम, ड्रामा, गीत, संगीत, दाढी फाल्ने वा एक मुट्ठी भन्दा**

www.dawateislami.net

घटाउने, कुनै जाइज कारण नहुँदा नहुँदै नमाजको जमात छोड्ने यहाँ सम्मकी مَعَاذَ اللّٰه عَزَّوَجَلَّ नमाज कजा गरीदिने, झुटो बोल्ने, कन्न पछाडी कुरा काट्ने, कुरा लगाउने (चुक्ली गर्ने), अरू माथि अनावश्यक शंका गर्ने, वचन तोड्ने, गाली गलोज गर्ने (फोहोर बोल्ने), अरूलाई अनावश्यक दु:ख दिने, आफु सक्षम हुँदा हुँदै पनि भिक्षाको पेशामा लाग्ने, आमा बुवाको अवज्ञा गर्ने, ब्याज र घुसको लेनदेन गर्ने, कारोबारमा धोका दिने आदी इत्यादी गुनाह (पाप) हरूबाट रमजानुल्मुबारकमा पनि जोगीदैन उनीहरूको लागी माथी उल्लेखित वृत्तान्त अत्यन्तै उपदेशमुलक छ ।

रमजान शरीफमा पनि गुनाहमा लागीरहनेहरूले अझै दुईवटा हदीषे मुबारक पढी आफुलाई अल्लाह عَزَّوَجَلَّ को अप्रशन्नता बाट डराउन् ।

१) जसले रमजानुल्मुबारकमा कुनै गुनाह गर्छ, अल्लाह عَزَّوَجَلَّ ले उसको एक वर्षको असल कार्यहरूको पुण्य नाश गरीदिनुहुन्छ । (अल्मु'जमुल् औसत भाग २ पृ ४१४ हदीष ३६८८)

२) मेरो उम्मत (अनुयायी) तब सम्म अपमानित हुने छैनन् जब सम्म उनीहरूले रमजान को हक अधिकार पुरा गरिरहने छन् । सोधियो: या रसुलल्लाह صَلَّى اللّٰه تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم रमजानको हक पुरा नगरी अपमानित हुनुको अर्थ के हो ?"
उहाँ ले जवाफ दिनुभयो: "यस महिनामा उनिहरुले हराम (वर्जित) कामहरू गर्नु हो ।" अनी भन्नुभयो: "जसले यस महिनामा जिना (व्यभिचार) गर्यो वा मदिरा सेवन गर्यो भने अर्को रमजान सम्म अल्लाह عَزَّوَجَلَّ एवं सारा आकासिय फरिश्ताहरूले त्यसलाई धिक्कार्ने छन् , र यदि त्यो मानिस अर्को रमजान आउन भन्दा पहिलै मर्यो भने उसको साथ कुनै यस्तो पुण्य हुने छैन जसको आधारमा त्यसलाई जहन्नम (नर्क) को आगोबाट बचाइयोस् । त्यसकारण तिमीहरू रमजान महिनाको बारेमा डराऊ किन भने जसरी यो महिनामा अरू महिनाको दाँजोमा पुण्यहरू बढाइन्छ त्यसरी नै गुनाहहरूको पनि कुरा हो ।" (अल्मुअजमुस सगीर भाग १ पृ २४८)

प्यारा इस्लामी दाजुभाईहरू ! अल्लाह عَزَّوَجَلَّ सँग डराउनुहोस् । रमजान महिनाको अपमान बाट बच्नुहोस् । तर अल्लाह عَزَّوَجَلَّ को रहमत (कृपा) बाट निराश पनि हुनु छैन, रहमत को ढोका खुल्लै छ । पश्चाताप र विलापका साथ अल्लाह عَزَّوَجَلَّ सँग क्षमा मागी गुनाह हरू बाट टाढा हुन सधै प्रयत्नरत हुनुहोस् । असल बन्न र सुन्नतहरूको पालनाको बानी बसाल्नका लागि दा'वते इस्लामी का सुन्नतले भरीपुर्ण इज्तिमाहरूमा समावेश हुनुहोस्, मदनी काफीलाहरूमा रसूल صَلَّى اللّٰه تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم का आशिकहरू सँग यात्रा गरिरहनुहोस् ।

नोट: शेखे तरीकत, अमीरे अहलेसुन्नत, दा'वते इस्लामीका संस्थापक, हजरत अल्लामा मौलाना अबु बिलाल मुहम्मद इल्यास अ़त्तार क़ाद्री रिज्वी دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه को लेख *फैजाने रमजान* को अध्ययन गर्नुहोस्, यसमा सकेसम्म सजिलो पाराले रमजान सँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएको छ । यो पम्फ्लेट, फैजाने रमजान र अमिरे अहले सुन्नतका सुन्नतले भरीपुर्ण वर्णनहरू को भी० सी० डी० इत्यादी मक्तबतुल मदीनाको कुनै पनि शाखा बाट प्राप्त गर्नुहोस् ।

*Translated by: Majlis-e-Tarajim*